भारतको अवस्था चिन्ताजनक

नेपाल, श्रीलंका, भियतनाम, थाइल्याण्ड र इजिप्टमा आपत्कालीन स्थिति : डब्ल्यूएचओ

एजेन्सी

जेनेभा, १ जेठ

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) का प्रमुख डा. टेड्रोस अदोनम गेब्रियसेसले कोरोना महामारीबाट भारतको अवस्था निकै चिन्ताजनक र नेपालमा आपतकालीन स्थिति निम्तिएको बताउनुभएको छ। भारतमा मात्र नभई नेपाल, श्रीलंका, भियतनाम, थाइल्याण्ड र इजिप्टमा पनि अब आपतकालीन स्थिति निम्तिएको टेड्रोसले बताउनुभएको छ।

भारतका कयौं राज्यमा अहिले पनि संक्रमणदर नघटेको, अस्पतालहरूले बिरामी थेग्न नसकेको र संक्रमितको मृत्यु बढिरहेको जनाउँदै टेड्रोसले भारत सरकारलाई गम्भीर हुन आग्रह गर्नुभएको छ।

डा. टेड्रोसले अघिल्लो वर्ष फैलिएको भन्दा यो वर्षको महामारी निकै खतरनाक र ज्यान लिने खालको भएको उल्लेख गर्नुभएको छ। भारतमा डब्ल्यूएचओले अक्सिजन कन्सन्ट्रेटर्स, मोबाइल फिल्ड अस्पतालका लागि टेन्ट, मास्क र मेडिकल सामग्री पठाइरहेको पनि उहाँले जानकारी दिनुभएको छ।

'भारतको अवस्था अहिले पनि निकै चिन्ताजनक छ, कयौं राज्यमा संक्रमण मामिला र मृतक संख्या बढिरहेको छ,' टेड्रोसले भन्नुभएको छ। भारतलाई सहायता प्रदान गरिरहेका मुलुकहरूप्रति उहाँले आभार पनि व्यक्त गर्नुभएको छ।

भारतमा प्रतिदिन लाखौं मानिसहरू संक्रमित भइरहेका छन्। गत डिसेम्बरसम्म एक करोड मानिस संक्रमित भएकोमा पछिल्लो ६ महिनाभित्र यो संख्या दुई करोड पुगेको बताइएको छ।

१५ दिनमा रामलीला मैदानमा ५०० आइसियु शैय्याको अस्पताल

कोभिड-१९ को संक्रमणट जुधिरहेको भारतको दिल्ली सरकारले १५ दिनमा रामलीला मैदानमा ५०० आइसियु शैय्याको अस्पताल सञ्चालन गरेको छ। कोभिडको दोस्रो लहर बढेपछि दिल्लीमा आइसियु शैय्याको अभाव भएको सन्दर्भमा दिल्ली सरकारले यो अस्पताल सञ्चालनमा ल्याइएको हो।

दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले ट्वीट गर्दै अस्पताल निर्माणमा सघाउने सबैलाई धन्यवाद दिनुभएको थियो। उहाँले केही दिनमै पुन: ५०० शैय्याको आइसियु थप्ने जानकारी दिनुभएको छ।

पछिल्लो समय दिल्लीसहित भारतमा कोभिड संक्रमितको संख्या बढिरहेको छ। बाक्लो बस्तीका कारण दिल्लीमा कोभिडको प्रभाव अझ बढेको थियो। कोभिड संक्रमितको संख्या बढेपछि त्यहाँ आइसियु शैय्याको अभाव थियो। दिल्ली केही दिन अघिसम्म अक्सिजनको कमीले सयौंको मृत्यु हुने गरेको थियो।

मंगलग्रहको सतहमा चीनको जुरोङ रोभर

एजेन्सी

बेइजिङ, १ जेठ

चीनले अन्तरिक्ष यानबाट प्रक्षेपण गरेको जुरोङ रोभर मंगलग्रहमा अवतरण भएको छ। सात महिनाको अन्तरिक्ष यात्रा तथा तीन महिनासम्म कक्षको परिक्रमापछि मंगलग्रहमा सफलतापूर्वक यान अवतरण गराउने चीन दोस्रो राष्ट्र बनेको हो। चीनको यो सफलतालाई अन्तरिक्ष खोजमा ठूलो सफलताको रूपमा लिइएको छ। राष्ट्रपति सी चिनफिङले चिनियाँ वैज्ञानिकहरूको सफलताका लागि शुभकामना दिनुभएको छ।

६ वटा पांग्रा भएको सो रोभर मंगलग्रहको उत्तरी गोलार्धमा अवतरण भएको जानकारी चिनियाँ अधिकारीहरूले जनाएका छन्। शनिबार सात बजेर १८ मिनेट जाँदा उक्त यानले मंगलग्रह टेकेको हो। यसअघि अमेरिकाले मंगलमा सफलतापूर्वक यान अवतरण गराएको थियो।

चीनका राष्ट्रपति सी चिनफिङले एक विशेष सन्देश जारी गरेर उक्त यान अवतरण गराउने समूहलाई बधाई दिनुभएको छ। रोभरको 'सोलार प्यानेल' खुल्न अवतरण गरेको १७ मिनेट समय लिएर पृथ्वीमा संकेत पठाएको थियो।



चुरोङ रोभरलाई तिअन्वेन-१ आर्बिटरले मंगलसम्म बोकेको थियो। मंगलमाथि तिअन्वेन-१ गत फेब्रुअरी महिनामा आइपुगेको थियो। चिनियाँ भाषामा 'चुरोङ'लाई अग्नि देवको रुपमा अर्थ्याइने गरिन्छ।

पृथ्वीबाट मंगलको दूरी ३२ करोड किलोमिटर छ। मंगलबाट पठाइने रेडियो सन्देश पृथ्वीमा आइपुग्न १८ मिनेट लाग्छ।

चुरोङको सफल अवतरणपछि यानले मंगलको ९० दिनको अवलोकन गर्नुका साथै भौगोलिक अवस्थाबारे अवलोकन गर्नेछ। यानमा जोडिएको अन्य पाँच उपकरणले मंगलमा विद्यमान लवणीय चट्टान र सतहमुनि बरफको उपस्थितिबारे अन्वेषण गर्नेछ।

उक्त यान अमेरिकी अन्तरिक्ष संस्था(नासा)को 'स्पिरिट' र 'अपरचुनिटि' झैं देखिन्छ। यानको तौल करिब २४० किलोग्राम छ।

चीनले दोस्रो प्रयासमा मंगलग्रहमा रोभर पुऱ्याउन सफल भएको हो। यसअघि सन् २०११ मा रुस र चीनले संयुक्त रूपमा गरेको यान प्रक्षेपण विफल भएको थियो। चीनअघि अमेरिकाले मात्रै मंगलग्रहमा रोभर अवतरण गराउन सकेको छ। यो वर्षको अप्रिलको अन्त्यमा पनि चीनले आफ्नो छुट्टै अन्तरिक्ष केन्द्रका लागि पहिलो मोड्युल पृथ्वीको कक्षमा पठाएको थियो। उक्त प्रक्षेपणका क्रममा एउटा रकेट अनियन्त्रित भएर हिन्द महासगरमा खसेको थियो।

चीनको चुरोङ रोभरका अलावम यो वर्ष मंगलग्रहमा नासाको पर्सिभरेन्स रोभर पनि अवतरण गरेको थियो। गत फेब्रुअरी १८मा पर्सिभरेन्स रोभरले मंगलग्रहको सतहलाई छोएको थियो। हाल उक्त रोभरले मंगलग्रहमा खोज तथा अनुसन्धान गरिरहेको छ। पर्सिभरेन्स रोभरसँगै रहेको नासाको इन्जिन्युटी हेलिकप्टरको पनि सफल परीक्षण भएको छ। इन्जिन्युटी हेलिकप्टर पृथ्वीबाहिर अन्य कुनै ग्रहको सतहमा उड्ने संसारकै पहिलो यान बनेको छ।

यस्तै फेब्रुअरीमै युएईको होप यान मंगलग्रहको कक्षमा प्रवेश गरेको थियो।

कोरोना संक्रमणबाट निर्देशक चोपडाको मृत्यु

एजेन्सी/मुम्बई। भारतीय चलचित्रका स्क्रिप्ट राइटर सुबोध चोपडाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ। सुबोध सन् १९९७ देखि नै चलचित्रमा सक्रिय रहनुभएका स्क्रिप्ट राइटर हुनुहुन्थ्यो। उहाले 'मर्डर, रोग, तुमसा नहीं देखा' लगायतका चलचित्रको स्क्रिप्ट लेख्नुभएको छ।

चोपडाले वि.सं २०२३ मा निर्माण भएको नेपाली चलचित्र 'माइतीघर'को कथालाई अगाडि बढाउँदै अभिनेता भुवन केसीसँगको सहकार्यमा 'माइतीघर २' बनाउने तयारीमा हुनुहुन्थ्यो।

चोपडाको मृत्युको खबरबारे अभिनेता भुवनले आफ्नो फेसबुकमा लेख्नुभएको छ, 'कोभिडका कारण भारतीय फिल्मका लेखक तथा निर्देशक सुबोध चोपडाको मुम्बईमा निधन भएको खबरले स्तब्ध भएको छु। माइतीघर-२ उहाँको ड्रिम प्रोजेक्ट थियो र यो महामारी सकिने बित्तिकै यसको काम थाल्ने भनेर केही दिन अघि मात्र पनि कुरा भएको थियो। तर, अचानक यस्तो दु:खद खबर सुन्दा विश्वास गर्न पनि सकिरहेको छैन।'

'माइतीघर-२' उनको प्यासन प्रोजेक्ट भएकाले श्रद्धाञ्जली स्वरूप भए पनि यो फिल्म पूरा गर्ने वाचा समेत अभिनेता भुवले गर्नुभएको छ।

राधेलाई पहिलो दिन चार करोड आम्दानी

एजेन्सी/मुम्बई। अहिले विश्वव्यापी फैलिएको कोभिड १९ का कारण चलचित्र हलमा प्रदर्शन हुन सकेका छैनन्। बलिउडदेखि हलिउडसम्म डिजिटल बजारमा चलचित्र प्रदर्शन हुन थालेका छन्। यसैबीच बलिउडको बहुप्रतिक्षित चलचित्र 'राधे' पनि गएको शुक्रबारबाट डिजिटल माध्यमबाट प्रदर्शनमा आएको छ। बलिउड अभिनेता सलमान खान अभिनित 'राधे' हलमा र ओटिटी प्लेटफर्ममा रिलिज भएको हो। पहिलो दिनमै यो चलचित्रलाई दर्शकको उल्लेख्य साथ मिलेको छ। चलचित्रलाई समीक्षक र दर्शकले खराब रेटिङ दिए पनि दर्शकको चासो भने बढेको देखियो। यो चलचित्रलाई भारतमा ओटिटी र डिटिएच प्लेटफर्मबाट रिलिज गरिएको थियो। यो चलचित्रले डिजिटल माध्यममा सर्वाधिक धेरै हेरिएको चलचित्रको रेकर्ड बनाएको छ।

यो चलचित्रलाई रिलिजको पहिलो दिन ४२ लाख भ्युज मिलेको छ। सलमानले सामाजिक सञ्जालमा पोष्टर शेयर गर्दै दर्शकलाई धन्यवादसमेत दिएका छन्।

निरायुको नयाँ गीत मायाको पानामा

काठमाडौं/हिटा। निरायु गौतमको नयाँ गीत 'मायाको पानामा' सार्वजनिक गरिएको छ। गीतमा संगीत, एरेन्जर ओम सुनारको रहेको छ भने स्वरमा निरायुलाई एलिना चौहानले साथ दिनुभएको छ। गणेश गिरीले निर्देशन गर्नुभएको गीतको भिडियो राज आचार्य र प्रियना आचार्य अभिनय रहेको छ। भिडियोमा गायक निरायु गौतमसँगैं रुक्मिला अधिकारी (रुक्स), निशु आइडु दिवाकर भण्डारी सबिना आचार्यको को पनि अभिनय देख्न सकिन्छ। भिडियो पर्वतको कुश्मा, बाग्लुङ लगायतका सुन्दर स्थानहरूमा खिचिएको छ। छायांकन रामेश्वर हुमागाईं र सम्पादन बिकास ज्ञवालीले गर्नुभएको छ।

यसअघि गायक निरायुले पहिलो गीतको रुपमा गायिका रचना रिमालसँग 'तिमीलाई देखेपछि' सार्वजनिक गर्नुभएको थियो।

प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
पशु सेवा तालिम केन्द्र
प्रदेश नं. १
दुहवी, सुनसरी

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मिति- २०७८/०२/०२

प्रस्तुत विषयमा यस तालिम केन्द्रको मिती २०७७/१२/३१ गते हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का नं. **LSTC/NCB/2077/078/02** को ठेक्का **"Construction of Compound Wall at Livestock Service Training Centre, Sunsari"** का लागि यस कार्यालयमा रितपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये **श्री सावाना निर्माण सेवा, दुहवी-५, सुनसरी**को कबोल रकम **रु.२१,७५,२६१।१७ (मु.अ.कर. बाहेक) (सच्याई र संशोधन सहित)** भएको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहरिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्रदाता तथा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

'वीर विक्रम-२' युट्युबमा हिन्दी भाषामा हेर्न पाइने

हिमालय टाइम्स

काठमाडौं, १ जेठ

पछिल्लो समय नेपाली चलचित्रले पनि भारतीय बजारमा विस्तारै छाप जमाउँदै छ। हिन्दी भाषामा डब गरी नेपाली चलचित्र भारतीय हलहरूमा प्रदर्शन हुन थालेका छन्। केही समयअघि चलचित्र 'प्रेम गीत-३'को हिन्दी भाषामा डब भइसकेको निर्माण टिमले जनाएको थियो। उक्त चलचित्र कोरोना महामारी सकिएपछि हलमै प्रदर्शन गर्ने भनिएको छ।

यस्तै अर्को नेपाली चलचित्र 'वीर विक्रम-२' पनि हिन्दी भाषामा डब गरिएको छ। नेपालको हल तथा युट्युवमा प्रदर्शन भइसकेको यो चलचित्रलाई हिन्दी भाषामा डब गरी युट्युवमा अपलोड गर्ने तयारी भइरहेको चलचित्रका निर्देशक मिलन चाम्सले जानकारी दिनुभएको छ। मिलनले भारतका हलमै प्रदर्शन गर्ने तयारी हुँदै गर्दा कोरोना कहर सुरु भएकाले युट्युवमा अपलोड गरिने जानकारी दिनुभएको छ। चलचित्र एक महिना भित्र युट्युवमा हेर्न सकिनेछ।

मिलनले भन्नुभएको छ, 'हामीले सिनेमा हलमा नै प्रदर्शन गर्ने गरी फिल्मको हिन्दी डबिङ गरेका थियौं। तर, कोरोनाले भारतका सिनेमा हल अनिश्चितकालका लागि बन्द भएका छन्। अब यूट्युबमै फिल्म रिलिज गर्दैछौं। फिल्मको हिन्दी डब निकै राम्रो भएको छ।' उहाँले आफ्नो फेसबुकमा अभिनेत्री वर्षा सिवाकोटी र अभिनेता पल शाहबीचको संवाद हिन्दीमा स्वरांकन भएको दृश्य शेयर गर्नुभएको छ।

साउथ फिल्मको हिन्दी डबिङ गर्ने कलाकार हरूले 'वीर विक्रम-२' मा भ्वाइस ओभर गरेको निर्देशक चाम्सले बताउनुभयो। यो फिल्म नेपालका सिनेमा हलसँगै युट्युबमा सार्वजनिक भइसकेको छ।

अक्सिजन किन्न राजारामको एक लाख सहयोग

हिमालय टाइम्स

काठमाडौं, १ जेठ

नेपालमा कोभिड १९ को संक्रमण उच्च दरले फैलिरहँदा अक्सिजनको अभाव देखिएको छ। यसका लागि अक्सिजन किन्नका लागि विभिन्न कलाकारहरूले पनि सहयोगको साथ अगाडि बढाएको पाइन्छ।

यसैक्रममा, हास्य कलाकार राजाराम पौडेलले कोरोना संक्रमितका लागि अक्सिजन ग्यास उपलब्ध गराउन व्यक्तिगततर्फबाट एक लाख रुपैयाँ सहयोग गर्नुभएको छ। उहाँले वैज्ञानिक महावीर पुनको संस्था राष्ट्रिय आविष्कार केन्द्रलाई अक्सिजन खरिदका लागि बिहीबार एक लाख सहयोग गर्नुभएको हो।

दर्शक कलाकारको अन्नदाता भएका कारण दर्शकको जीवन बचाउन आफूले सहयोग गरेको राजारामले बताउनुभएको छ। अहिले पैसाका कारण भन्दा पनि अक्सिजन नपाएर धेरैले ज्यान गुमाउनु परेको उहाको भनाइ छ।

उहाले आफ्नो फेसबुकमा लेख्नुभएको छ, 'मस्तिष्कमा लाग्यो पैसाले श्वास फेर्न सकिँदो रहेनछ, श्वास फेर्न अक्सिजन नै चाहिने रहेछ। त्यसैले अक्सिजनको व्यवस्था गर्न राष्ट्रिय आविस्कार केन्द्रलाई आफूले सकेको सहयोग गरेको छु। पैसाले श्वास फेर्न सकिन्न, श्वास फेर्न अक्सिजन नै चाहिन्छ।'

अन्य कलाकारहरू पनि सहयोगमा जुटिरहनु भएको छ। अभिनेता पल शाह केही दिनदेखि कोरोनाका बिरामीलाई नि:शुल्क अक्सिजन ग्यास उपलब्ध गराउन दिनरात खटिरहनु भएको छ। निखिल उप्रेती, केदार प्रसाद घिमिरेसहितको टिमले पनि आर्थिक अवस्था कमजोर भएका कोरोनाका बिरामीलाई अस्पतालसम्म जान नि:शुल्क अक्सिजनसहितको एम्बुलेन्स सेवा सुरु गर्नुभएको छ।

Sunwal Municipality
Office of the Municipal Executive
Sunawal, Nawalparasi
Lumbini Province, Nepal

Invitation of Electronic Bid

Date of Publication: 2078/02/02 B.S.

1.0 Sunwal Municipality, Sunwal, Nawalparasi, invites bids from eligible and qualified bidders for the followings construction works.

S.N	Contract No.	Description of works	Specific Nature of Similar Work Experience (NRs)	Average Annual Turnover (NRs)	Bid Security Amount (NRs)	Bid Document Price (NRs)	Last date of Bid Submission and Time	Date of Bid Opening and Time
1.	30.SUN/NCB/ 2077-78	Construction of 15 Bed Hospital of Sunwal Municipality at Sunwal-05, Nawalparasi	97.00 Million	140.00 Million	3.80 Million	10,000.00	2078/03/01 B.S Time upto 12:00 hrs	2078/03/01 B.S. Time upto 13:00 hrs
2.	31.SUN/NCB/ 2077-78	Construction of Bhumai Haatbazzar at Sunwal-12, Nawalparasi	23.00 Million	48.00 Million	0.90 Million	5,000.00	2078/03/01 B.S Time upto 12:00 hrs	2078/03/01 B.S. Time upto 13:00 hrs

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

Office Name	Sunwal Municipality, Sunwal	Purpose	
Antarik Rajaswa Khata No.	0962050028279002	For Bid Document	**NIC ASIA Bank ,Bhumai Branch**
Deposit Account No.	96CA500968524004	For Bid Bond	

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.

4.0 Interested Bidder are requested to attain Pre-bid Meeting with presentation at Planning Section Date : **2078/02/23 B.S, Time 13:00 hrs**

5.0 Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2064 (including all amendment). Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.

6.0 Sunwal Municipality, Sunwal, Nawalparasi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

Sunwal Municipality
Sunwal, Nawalparasi